# नेपाल प्रज्ञा-प्रतिष्ठान

## साहित्यिक पत्रिका सहयोग कोष सञ्चालन कार्यविधि २०६६

साहित्यिक रचना मात्र प्रकाशन गरी नेपालका साहित्यिक श्रीवृद्धिमा धेरै समयदेखि योगदान पुऱ्याउँदै आएका साहित्यिक पत्रिकाहरूको आर्थिक स्रोतका आधार खस्कँदै गएकाले यस्ता पत्रिकालाई सरकारले केही सहयोग गर्नु आवश्यक छ भन्ने ठानी सो प्रयोजनको लागि नेपाल प्रज्ञा-प्रतिष्ठानमार्फत अनुदान-प्रदान गर्न नेपाल सरकारले आ.व. २०६१।०६२ देखि बजेट विनियोजन गरेको र त्यसपछिका वर्षहरूमा पनि उक्त सहयोग रकम नेपाल सरकारबाट प्राप्त भइरहने कुरालाई ध्यानमा राख्तै नेपाल प्रज्ञा-प्रतिष्ठानका तर्फबाट पनि क्रमशः यथासम्भव आफ्ना आन्तरिक स्रोतबाट र अन्य विभिन्न स्रोतबाट सो प्रयोजनका निम्ति रकमको जगेर्ना र वृद्धि गर्दै साहित्यिक पत्रिकाहरूलाई सहयोग-रकम उपलब्ध गराउने उद्देश्यले प्रज्ञा-प्रतिष्ठानले साहित्यिक पत्रिका सहयोग कोष सञ्चालन गर्दै आएको छ । उक्त कोषलाई निरन्तरता दिन र सो को सञ्चालनसम्बन्धी व्यवस्थालाई अझ प्रभावकारी बनाउन नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ एवम् नियमावलीसमेतको अधिनमा रही प्राज्ञ परिषद्‌ले साहित्यिक पत्रिका सञ्चालन कार्यविधि २०६६ बनाएको छ ।

### परिच्छेद- १

**१. नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम नेपाल प्रज्ञा-प्रतिष्ठान साहित्यिक पत्रिका सहयोग कोष सञ्चालन कार्यविधि २०६६ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएको

(क) **"प्रज्ञा-प्रतिष्ठान"** भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठानलाई जनाउँछ ।

(ख) **"प्राज्ञ परिषद्"** भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४ को दफा ११ बमोजिमको प्राज्ञ-परिषद् सम्झनुपर्छ ।

(ग) **"कुलपति"** भन्नाले प्रज्ञा-प्रतिष्ठानको कुलपति सम्झनुपर्छ ।

(घ) **"उपकुलपति"** भन्नाले प्रज्ञा-प्रतिष्ठानको उपकुलपति सम्झनुपर्छ ।

(ङ) **"अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य-सचिव"** भन्नाले साहित्यिक पत्रिका सहयोग कोष सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य-सचिव सम्झनुपर्छ ।

(च) **"सञ्चालक समिति"** भन्नाले यस कार्यविधिबमोजिम गठित साहित्यिक पत्रिका सहयोग कोष सञ्चालक समिति सम्झनुपर्छ ।

**३. कार्यविधिको व्याख्या**

यस कार्यविधिको आवश्यक व्याख्या गर्ने अधिकार प्राज्ञ परिषद्मा अन्तर्निहित रहनेछ ।

## परिच्छेद- २

**४. पत्रिकाको वर्गीकरण तथा आर्थिक सहयोग**

(१) सरकार वा सरकारको अनुदान प्राप्त संस्थाको नियमित आर्थिक स्रोतबाट प्रकाशित साहित्यिक पत्रिकाहरूले सामान्यतः यस कोषबाट आर्थिक सहयोग पाउने छैनन् ।

(२) सहकारी वा निजी क्षेत्रका वित्तीय, व्यावसायिक वा अन्य क्षेत्रका सङ्गठित संस्था, कम्पनी आदिको नियमित आर्थिक स्रोतबाट सञ्चालित साहित्यिक पत्रिकालाई पनि आर्थिक सहयोगका क्रममा सामान्यतः प्राथमिकता दिइने छैन ।

(३) धेरै लामो समयदेखि व्यक्तिगत वा सामूहिक प्रयासमा साहित्यिक सेवाभावनाबाट राष्ट्र भाषाहरूमा प्रकाशित हुँदै आएका र हालसम्म प्रकाशनको क्रमलाई निरन्तरता दिइरहेको तथा साहित्यिक जगत्मा स्थापित भएका पत्रिकाहरूलाई आर्थिक सहयोगका लागि विशेष प्राथमिकता दिइनेछ ।

(४) आर्थिक सहयोग प्रयोजनका निम्ति साहित्यिक पत्रिकाहरूको प्रकाशन इतिहास, नियमितता, स्वरूप, पृष्ठ सङ्ख्या, भौगोलिक स्थिति, पाठक सङ्ख्या, लोकप्रियता, स्तरीयता र साहित्यिक योगदान आदिबारे वस्तुगत तथ्याङ्क र जानकारी सङ्कलन गरी त्यसको छानबिन र मूल्याङ्कनको व्यवस्था गरिनेछ।

(५) माथिका दफा ४ को उपदफा (१) देखि (४) का प्रावधानका सन्दर्भमा काठमाडौं उपत्यकाभित्रबाट प्रकाशित भई न्यूनतम ५० अङ्क प्रकाशित गरेका र काठमाडौं उपत्यकाबाहिरबाट प्रकाशित भई न्यूनतम ३५ अङ्कसम्म प्रकाशित गरेका प्रायः नियमित र स्तरीय साहित्यिक पत्रिकालाई सामान्यतः वार्षिक वा पटके रूपमा बढीमा रु. ६० हजारसम्म आर्थिक सहयोग दिन सकिनेछ ।

(६) माथि दफा ४ को उपदफा (१) देखि (४) सम्मका प्रावधानका आधारमा लामो समयदेखि व्यक्तिगत वा सामूहिक प्रयासमा सेवा भावनाबाट प्रकाशित हुँदै आएको र हालसम्म प्रकाशनको क्रमलाई निरन्तरता दिँदै २५ अङ्कसम्म प्रकाशित गरिसकेका स्तरीय प्रायः नियमित साहित्यिक पत्रिकालाई सामान्यतः वार्षिक वा पटके रूपमा रु. ३० हजारसम्म आर्थिक सहयोग दिन सकिनेछ ।

(७) माथि दफा ४ को उपदफा (५) र (६) मा उल्लिखित साहित्यिक पत्रिकाहरूबाहेक निम्नलिखित साहित्यिक पत्रिकाहरूलाई सामान्यतः वार्षिक वा पटके रूपमा रु. २० हजारसम्म आर्थिक सहयोग दिन सकिनेछ ।

(क) काठमाडौं उपत्यकाबाहिरबाट प्रकाशित हुने स्थापित र प्रायः नियमित साहित्यिक पत्रिकाहरू,

(ख) नियमित रूपमा कम्तीमा ६ अङ्कसम्म प्रकाशित गरेका साहित्यिक पत्रिकाहरू,

(ग) आर्थिक दृष्टिले भन्दा साहित्यिक वा सामाजिक सेवाका दृष्टिले देशका निजी क्षेत्रबाट सञ्चालित विभिन्न प्रतिष्ठित गैरसरकारी संस्थाबाट प्रकाशित हुने साहित्यिक पत्रिकाहरू,

(घ) सहयोग कोष सञ्चालक समितिले आवश्यक ठानेका अरू साहित्यिक पत्रिकाहरू।

(८) सामान्यतया एक पटक सहयोग प्राप्त गरेका पत्रिकालाई पछिल्लो अर्को एक वर्ष त्यस्तो सहयोग रकम प्रदान गरिने छैन ।

## परिच्छेद- ३

### ५. आर्थिक सहयोग विवरण

(१) नेपाल सरकारले वार्षिक रूपमा उपलब्ध गराउने र आफ्ना स्रोतबाट र अन्य सहयोगबाट प्रज्ञा-प्रतिष्ठानले जोगाड गर्न सकेका रकम परिधिमा रही साहित्यिक पत्रिकालाई आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

(२) यस आर्थिक सहयोगका लागि आवश्यक विवरणसहित तोकिएको ढाँचामा निवेदन वा सिफारिस प्रस्तुत गर्न प्रत्यक वर्ष खास अवधिमा कुनै राष्ट्रिय दैनिक पत्रिकामार्फत सार्वजनिक आह्वान गरिनेछ । त्यस्तो आह्वान प्रकाशित भएपछि सहयोगको लागि तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) प्राप्त निवेदनका आधारमा साहित्यिक पत्रिकाहरूको प्राथमिक मूल्याङ्कनका निम्ति समिति गठन गर्नुपर्ने अध्यक्षलाई लागेमा प्रत्येक वर्ष सञ्चालक समितिका सदस्य तथा अन्य विशेषज्ञसमेत रहेको छानविन एवम् मूल्याङ्कन उपसमिति गठन गर्न सकिनेछ र सोको प्रतिवेदन सहयोग कोष सञ्चालक समितिमा प्रस्तुत गरिनेछ ।

### ६. सञ्चालक समितिको गठन

आर्थिक सहयोगको रकमको बन्दोबस्ती गर्न, प्रवर्द्धन गर्न र उपयुक्त सहयोगको निर्धारण र वितरणसम्बन्धी कार्यक्रमको व्यवस्थापन र तत्सम्बन्धी आन्तरिक कार्यविधि नियमका निम्ति निम्नानुसारको साहित्यिक पत्रिका सहयोग कोष सञ्चालक समिति गठन गरिनेछ :

(१) कुलपति - अध्यक्ष

(२) उपकुलपति -उपाध्यक्ष

(३) प्रज्ञा परिषद्का सदस्यमध्ये कुलपतिबाट मनोनीत प्राज्ञ २ जना -सदस्य

(४) अर्थ मन्त्रालयबाट तोकेका सहसचिव प्रतिनिधि १ जना -सदस्य

(५) सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयबाट तोकेका सहसचिव प्रतिनिधि १ जना -सदस्य

(६) साहित्यिक संस्था एवम् साहित्यिक पत्रपत्रिकाहरूका प्रकाशक वा सम्पादकहरूमध्येबाट कुलपतिद्वारा मनोनीत प्रतिनिधि १ जना -सदस्य

(७) नेपाल साहित्यिक पत्रकार सङ्घले तोकेको प्रतिनिधि १ जना -सदस्य

(८) प्रज्ञा-प्रतिष्ठानका सचिव -सदस्य सचिव

## परिच्छेद- ४

### ७. कोषको स्रोत

(१) सहयोग कोषको स्रोत निम्नानुसारको हुनेछ :

(क) नेपाल सरकारबाट साहित्यिक पत्रिकाको सहयोगका लागि प्राप्त रकम,

(ख) नेपाल प्रज्ञा-प्रतिष्ठानले आफ्नो आन्तरिक स्रोतबाट छुट्याएको रकम,

(ग) विभिन्न संस्थाले स्वेच्छाले दिएको रकम,

(घ) विभिन्न व्यक्तिले स्वेच्छाले दिएको रकम,

(ङ) ब्याज र अन्य विविध स्रोतबाट प्राप्त रकम ।

(२) कोषमा प्राप्त रकममध्ये प्रत्येक वर्ष नेपाल सरकारबाट प्राप्त कुल रकममध्ये ४०% रकम कोषमा बचत गरिनेछ ।

## परिच्छेद- ५

### ८. सञ्चालक समितिको बैठक र निर्णय

(१) सञ्चालक समितिको बैठक कुलपतिको निर्देशनमा आवश्यकतानुसार सदस्य-सचिवले बोलाउनेछ ।

(२) सञ्चालक समितिमा कुल सदस्य-सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको गुणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ ।

(४) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) कुलपतिबाट मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(६) सदस्यहरूको बैठकमा प्राज्ञ परिषद्बाट तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद- ६

### ९. विविध

(१) साहित्यिक पत्रिका सहयोग कोषमा जम्मा भएको रकम प्रज्ञा-प्रतिष्ठानले बेग्लै कोष खडा गरी बैङ्कमा जम्मा गरिनेछ ।

(२) कोषको खाता सञ्चालन, आम्दानीखर्च र लेखापरीक्षण प्रज्ञा-प्रतिष्ठानको प्रचलित आर्थिक नियमानुसार हुनेछ ।

(३) सञ्चालक समितिले आवश्यकतानुसार आन्तरिक कार्यविधि आफैं बनाउन सक्नेछ ।

(४) प्राज्ञ परिषद्ले सम्बन्धित विभिन्न पक्षको रायसमेत लिई समयसमयमा आवश्यकतानुसार यस कार्यविधिको सुधार तथा परिमार्जन गर्न सक्नेछ ।

(५) सहयोग प्राप्त गर्न चाहने पत्रिकाले सम्पादक र प्रकाशक आफैंले वा निजले अधिकार प्राप्त अधिकारीले तोकिएको ढाँचाको फारम समितिमा प्रस्तुत गर्नु अनिवार्य छ ।

(६) कोषको कार्य सञ्चालनका लागि समितिले तोकिदिएको सीमाभित्रको रकम तोकिएको व्यक्तिले खर्च गर्न सक्नेछ र यसरी गरिएको खर्चको विवरण समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

(७) कोषको कार्यसञ्चालन प्रज्ञा-प्रतिष्ठानद्वारा तोकिएको कर्मचारीद्वारा हुनेछ ।

### १०. कार्यविधिको संशोधन

यस कार्यविधिमा परिमार्जन वा संशोधन गर्न आवश्यक भएमा समितिको सिफारिसमा प्राज्ञ परिषद्ले गर्न सक्नेछ ।

### ११. खारेजी र बचाउ

(१) साहित्यिक पत्रिका सहयोग कोष सञ्चालन कार्यविधि २०६१ खारेज गरिएको छ । साथै उक्त कार्यविधिबमोजिम गठित संचालक समिति स्वतः खारेज भएको मानिनेछ ।

(२) सहित्यिक पत्रिका सहयोग कोष सञ्चालन कार्यविधि २०६१ बमोजिम भए गरेको काम-कारबाही यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ ।

# नेपाल प्रज्ञा प्रतिष्ठान

## साहित्यिक पत्रिका सहयोग कोष सञ्चालन कार्यविधि २०६६ को परिच्छेद ३ को दफा ५ को उपदफा (२) को प्रयोजनको लागि

*(साहित्यिक पत्रिका सहयोग कोष आवेदनपत्रको नमुना)*

**श्रीमान् अध्यक्षज्यू,**
**साहित्यिक पत्रिका सहयोग कोष सञ्चालक समिति,**
**नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी ।**

म/हामी ........................................................................ निम्नलिखित विवरण उल्लेख गरी म /हामीले सम्पादन/प्रकाशन गरेको .................................................................... पत्रिकालाई निरन्तरता दिन आवश्यक सहयोगको लागि निवेदन गरेका छौं/छु । सहयोग रकम उपलब्ध गराई पाऊं ।

पत्रिकाको नाम : ........................................................................................................................

दर्ता नम्बर र मिति : ..................................................................................................................

प्रकाशन सुरु भएको मिति : ......................................................................................................

प्रकाशन स्थान : ........................................................................................................................

जम्मा प्रकाशित वर्ष र अङ्क : ..................................................................................................

प्रकाशकको नाम : ......................................................................................................................

सम्पादकको नाम : .....................................................................................................................

सरदर  पृष्ठ सङ्ख्या : ..................................................................................................................

पत्रिकाको साइज : ..............................................................................................................................

प्रकाशित हुने प्रमुख विषय र विधा : ..............................................................................................

हाल मुद्रण हुने प्रति (सङ्ख्या): ..........................................................................................................

नियमितताको संक्षिप्त विवरण : ....................................................................................................

योगदानसम्बन्धी मुख्य विवरण : ....................................................................................................

पत्राचारको ठेगाना : ............................................................................................................................

(फोन/फ्याक्स नं. समेत): .........................................................................................................................

आवेदनकर्ताको नाम र हस्ताक्षर

..................................................

मिति : ....................................

- (यस आवेदन फारमसँगै सम्बन्धित पत्रिकाको वा पत्रिका प्रकाशन गर्ने संस्थाको दर्ता-प्रमाणपत्रको फोटोकपी तथा आवेदक वा सिफारिसकर्ताको नागरिकताको प्रमाणपत्रको फोटोकपी पनि नत्थी गर्नुपर्नेछ ।)
- कुनै पनि विवरण भर्ने ठाउँ अपुग भएमा सो सम्बन्धी विवरण छुट्टै कागजमा लेखेर संलग्न गराउन सकिनेछ ।